# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तोपगाछी,झापा
१ नं. प्रदेश, नेपाल

मिति २०७९/०३/२२

**सूचना सच्याईएको सम्बन्धमा ।**

हाटबजार सेवा शुल्क संकलनका लागि मिति २०७९ असार २० गते प्रथम पटक प्रकाशित शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचनामा तपसिल बमोजिम हुनु पर्नेमा अन्यथा भएकोले सच्याईएको छ ।

**ठेक्काको विवरण**

| सि. नं. | ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम कबोल अंक(भ्याट बाहेक) | दरभाउपत्र फारम दस्तुर | शिलबन्दी दरभाउपत्र खरिद गर्ने म्याद | शिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय | शिलबन्दी दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | ४९/राजश्व/ २०७८/७९ | हाटबजार सेवा शुल्क संकलन(केर्खा, क्याम्पा, सरङपाडा, मंगलबारे, रंगपुर, गेउरिया र बाह्रघरे) | ८७५,०००/- | १,०००/- | २०७९/०४/०२ गते कार्यालय समयभित्र | २०७९/०४/०३ गते १२:०० बजेसम्म | २०७९/०४/०३ गते २:०० बजेपछि |

**शर्तहरु**

१. शिलबन्दी दरभाउपत्र खरिद गर्न ईच्छुक खरिदकर्ता (फर्म वा संस्था) ले फर्म दर्ताको प्रमाणपत्र, VAT दर्ता प्रमाण पत्र, २०७७/७८ को कर चुक्ता प्रमाण पत्र, फर्म वा संस्था सञ्चालकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र माथि उल्लेखित बोलपत्र दस्तुर(पछि फिर्ता नहुने गरी) बुझाई तोकिएको उल्लेखित बजेभित्र यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिने छ ।

२. खरिद भएका शिलबन्दी दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनको १२ बजेभित्र यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नम्बर, कामको विवरण, शिलबन्दी दरभाउपत्र खरिदकर्ताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहा छाप गरी शिलबन्दी दरभाउपत्र पेश गर्न सकिनेछ । खरिदकर्ताले आफुले पेश गरेको शिलबन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न चाहेमा शिलबन्दी दरभाउपत्र पेश गर्न तोकिएको अन्तिम समय समाप्त हुनुभन्दा २४ (चौविस) घण्टा अगावै शिलबन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न पेश गर्न तोकिएको अन्तिम समयभित्र शिलबन्दी निवेदन पेश गर्नु पर्नेछ ।

३. कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्दा माथि उल्लेखित न्यूनतम अंक भएको आन्तरिक आयको ठेक्का स्वीकृत भएपश्चात सम्झौताका बखत सम्बन्धित ठेकेदारले नेपाल सरकारले तोकेअनुसार मूल्य अभिवृद्धि कर (VAT) आफुले कबोल गरेको अंकमा थप गरी हुन आउने रकम अग्रिम रुपमा एकमुष्ठ यसै कार्यालयमा बुझाउनु पर्नेछ । ठेक्काको स्वीकृत रकम एकमुष्ठ बुझाउदा स्वीकृत अंकमा बढीमा १०% छुट दिन सकिनेछ ।

४. तोकिएको समयावधिमा पर्न आएका शिलबन्दी दरभाउपत्रहरु सूचनामा तोकिएको मिति तथा समयमा शिलबन्दी दरभाउपत्र खरिदकर्ता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिने छ । सो समयमा शिलबन्दी दरभाउपत्र खरिदकर्ता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन । शिलबन्दी दरभाउपत्र फाराममा उल्लेखित कवोल अंकको ५% धरौटी रकम यस कार्यालयको एन.एम.बी बैंक, केर्खा स्थित धरौटी खाता नं. ०६४००५८१९६४०००८१ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचरको दोश्रो प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको बैंकबाट जारी भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ । धरौटी जम्मा गरेको भौचरको पछाडि धरौटी जम्मा गर्ने फर्मको नाम तथा कुन शिर्षकको धरौटी हो ? स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

५. शिलबन्दी दरभाउपत्र फाराम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । केरमेट भएको स्थानमा दस्तखत र छाप नभएमा मान्यता दिइने छैन ।

६. शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । मनासिब कारण बाहेक सो अवधि भित्र सम्झौता गरी पट्टा नलिएमा निजको धरौटी रकम जफत गरी त्यसपछिको क्रमानुसार रितपूर्वकको शिलबन्दी दरभाउपत्र खरिदकर्तालाई नियमानुसार ठेक्का सम्झौता गर्न सूचना दिन सकिनेछ ।

७. ठेक्का सञ्चालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार वुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सवै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

काजिमान राई

८. कर, दस्तुर र शुल्क उठाउन प्रयोग हुने रसिदहरु २ (दुई) प्रति भएको रसिद ठेकेदार आफैले छपाई सो मा कार्यालयको छाप र कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित गराई सो को अभिलेख कार्यालयमा राखेर मात्र दस्तुर र सेवा शुल्क उठाउन प्रयोगमा ल्याउनु पर्नेछ ।

९. ठेक्का सम्वन्धमा कुनै किसिमको विवादको स्थिति सृजना भएमा वा कार्यालय र ठेकेदार विच कुनै विवाद उत्पन्न भएमा गाउँपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ । अन्य विभिन्न विषयमा गाउँपालिकाले दिएको निर्देशन अनिवार्य रुपमा पालना गनुपर्नेछ ।

१०. ठेक्का अवधि भुक्तान भईसकेपछि आन्तरिक राजश्व कार्यालयबाट कर चुक्ताको पत्र पेश भएपछि मात्र धरौटी रकम वा बैंक ग्यारेन्टी फिर्ता गरिने छ । धरौटी रकमलाई किस्तामा समावेश गरिने छैन । एकमुष्ठ रकम बुझाएपनि ठेक्का अवधिभर ७ (सात) प्रतिशत रकम धरौटी स्वरुप कार्यालयमा राखिनेछ । ठेक्का अवधिपश्चात मात्र सो रकम फिर्ता गरिनेछ ।

११. गाउँपालिकालाई रकम वुझाउनु पर्ने बाँकी वक्यौता भएका फर्महरुले त्यस्तो बाँकी रकम नबुझाएसम्म निजको शिलबन्दी दरभाउपत्र स्वीकृत गरिने छैन ।

१२. ठेक्का अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । बीचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बांकी रकममा १०% व्याज जोडी असुल उपर गरिने छ । यसरी ठेक्का तोडिन गई बाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कवोल गरे भन्दा कम रकम उठ्न गएमा सो रकम पनि पूर्व ठेकेदारबाटै सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

१३. ठेक्का अवधि २०७९ श्रावण १ देखि २०८० आषाढ मसान्तसम्म १ (एक) वर्षको हुनेछ ।

१४. कर र शुल्क उठाउन पाउने सामाग्रीहरुको विवरण एवम स्थानीय हाटबजार सेवा शुल्क (सडक हाटबजार प्रयोग वापत) समेतका दरेरेटहरुको विवरण शिलबन्दी दरभाउपत्र फाराम साथ प्राप्त हुनेछ ।

१५. शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने दिन विदा पर्न गएमा उक्त कार्य सोको क्रमशः भोलिपल्ट हुनेछ ।

१६. कुनै पनि कर शुल्क वा विक्री असुल उपर गर्न राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढांट वा तगारो राखी कर शुल्क र मुल्य असुल गर्न पाइने छैन । कर संकलन गर्ने स्थानमा कर संकलन गरिने वस्तुहरुको मुल्य सहितको सूची सर्वसाधारणले देख्ने गरी ठेकेदारले आफ्नै तर्फबाट अनिवार्य रुपमा राख्नु पर्नेछ ।

१७. कुनै पनि शर्त राखी पेश गरेको, रीत नपुगेको र म्याद नाघी आएका शिलबन्दी दरभाउपत्र माथि कारवाही हुने छैन ।

१८. माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा प्रचलित कानुन बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु प्रचलित कानून तथा गाउँपालिकाको निर्णयानुसार सम्झौताका बखतमा निर्धारित हुनेछन ।

१९. यस कार्यालयको छाप र कार्यालय प्रमुख र निजले तोकेको कर्मचारीबाट प्रमाणित नगरिएको शिलबन्दी दरभाउपत्रलाई मान्यता दिईनेछैन ।

२०. गैरकानुनी रुपले सम्झौता विपरित कार्य गरेमा ठेक्का तोडी सम्पूर्ण हर्जना तिराई कालो सूचीमा राख्ने तर्फ कार्यवाही चलाईनेछ ।

२१. सुचना अवधिमा कुनै परिपत्र, निर्देशन तथा निर्णय भई सूचना संशोधन तथा थपघट गर्नु परेमा सार्वजनिक सूचना गरी जानकारी गराईनेछ ।

२२. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । बन्द, हड्ताल जस्ता असामान्य परिस्थिति भए / परेमा नेपाल सरकारको निर्णयको आधारमा मात्र निर्णय गर्न सकिनेछ ।

२३. **मिन्हा माफी तथा छुट सम्वन्धमा:** यस सूचना वमोजिम सम्झौता भई ठेक्का चलानपूर्जी जारी गरिएपछि कुनै किसिमको मिनाहा वा छुट हुने छैन । एक पटक शुल्क लिइसकेको पुनः थप शुल्क लिन पाइने छैन ।

२४. यस सूचनाका शर्तबाहेक ठेक्काका अन्य शर्तहरु प्रचलित ऐन कानुन अनुसार हुनेछ ।

२५. अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

काजिमान राई
प्रमुख प्रशासकीय अधिकृत